# भन्सार समाचार
# Customs News

भन्सार र वातावरण हाम्रो प्राकृतिक सम्पदाहरूको संरक्षण गरौं (Customs and the environment : protecting our natural heritage)

वर्ष - १ अङ्क-७ २०६६ साल भदौ १५ ( September 2009) मासिक


## केन्द्रीय मूल्याङ्कन गोष्ठी सम्पन्न

चालू आर्थिक वर्षको प्रथम केन्द्रीय मूल्याङ्कन गोष्ठी भन्सार विभागको सभाकक्षमा भदौ ८ गते सुरुगरी १० गते सम्पन्न गरियो। जिल्लास्तर तथा केन्द्रीयस्तरका पदाधिकारीहरूको व्यापक सहभागिता रहेको गोष्ठीमा विगत ३ महिनामा भन्सार कार्यालयहरूमा पैठारी भएका मालबस्तुहरूको कारोबार मूल्यको अध्ययन विश्लेषण र अन्तरक्रिया द्वारा एक डेटाबेस तयार गरियो। यो डेटाबेस वैध व्यापारको कारोबार मूल्यलाई मान्यता दिँदै यसलाई अवैध व्यापारको अस्वस्थ प्रतिस्पर्धाबाट जोगाउन अत्यन्त प्रभावकारी साबित हुने विश्वास लिइएको छ। कार्यालयहरूले मूल्याङ्कन डेटाबेस बनाउनुकोलागि उपयोगी प्रतिवेदन र सुझाव दिएकोमा भन्सार विभागका महानिर्देशकले सम्पूर्ण कार्यालय प्रमुखहरूलाई धन्यवाद दिनु भयो। गोष्ठी आजसम्मकै सबै भन्दा बढि प्रभावकारी र नतिजामूलक भएको प्रतिक्रिया समापन सत्रमा सबैले व्यक्त गरे। गोष्ठी GATT Valuation System को प्रभावकारी कार्यान्वयनद्वारा भन्सार विन्दुमा हुने न्यूनविजकीकरण कम गर्दै लगि वैध व्यापार सहजीकरण गर्ने प्रयोजनको लागी प्रत्येक वर्ष ३ पटक केन्द्रीयस्तरमा आयोजना गरिन्छ।

अर्थमन्त्री सुरेन्द्र पाण्डेबाट समापन गरिएको गोष्ठीको सुरुवात अर्थ सचिव (राजस्व) कृष्णहरि बास्कोटाको उपस्थितिमा गरिएको थियो।समापन सत्रमा गर्ने तथा अझै पनि खराब आचरण देखाउनेलाई कडा भन्दा कडा कारबाही गर्ने दृढता व्यक्त गर्नु भयो।

गोष्ठीको अन्तिम सत्रमा वैदेशिक व्यापारको वर्तमान अवस्था तथा खासगरी कारोबार मूल्यलाई मान्यता दिने सन्दर्भमा रहेका समस्या र समाधानका उपायहरूको बारेमा तेस्रो मुलुकको सन्दर्भमा वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत केवल भण्डारीले तथा भारतसँगको सन्दर्भमा भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत सुदिपचन्द्र शाहले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

समापन समारोहमा अर्थमन्त्री पाण्डेले भन्सार प्रशासन यस मूल्याङ्कन गोष्ठीको माध्यमबाट आफ्नो कार्यक्षेत्रमा अरूले के गरिरहेका न भनि आलोचना गर्नुको सट्टा आफ्नो जिम्मेवारीमा केन्द्रित र प्रतिबद्ध भई आफ्नो विषयमा गहिरो खोजी गरेकोमा खुसी व्यक्त गर्नु भयो साथै यस प्रतिबद्धता र यसको निष्कर्षलाई बैठकमा मात्र सीमित नराखेर व्यवहारमा समेत कार्यान्वयन गर्न निर्देशन दिनुभयो। उहाँले अर्थ प्रशासन अब बाहिरबाट देखिने जस्तो मात्र नरहेर कतिपय कुरामा सक्षम, प्रतिवद्ध र व्यवस्थित प्रशासनको स्वरूपमा विकसित भइसकेको र कतिपय कुरामा हुने क्रममा रहेकोमा खुसी व्यक्त गर्दै सदाचारको कुरामा आफैले आफूलाई नढाट्न



अर्थसचिव रामेश्वर खनाल उपस्थित हुनुहुन्थ्यो । गोष्ठीमा अर्थमन्त्रालयका वरिष्ट आर्थिक सल्लाहकार केशव आचार्य, अर्थ मन्त्रालयका पदाधिकारीहरू, भन्सार विभागका महानिर्देशक तथा उपमहानिर्देशक तथा अन्य पदाधिकारीहरू, आन्तरिक राजस्व विभागका महानिर्देशक तथा पदाधिकारीहरू, राजस्व अनुसन्धान विभागका महानिर्देशक र अन्य पदाधिकारीहरू, तथा सम्पूर्ण भन्सार कार्यालयका प्रमुख तथा कर्मचारीहरूको सहभागिता रहेको थियो।

गोष्ठीको सुरुआत सत्रमा अर्थ सचिव वास्कोटाले राजस्व प्रशासनमा क्रमिक सुधार हुँदै गएकोमा खुसी व्यक्त गर्दै कार्यक्षेत्रमा भएको वाधा अवरोधहरूसँग निडर भएर काम गर्न तथा असल नियतले काम गर्नेलाई आफूले संरक्षण र नैतिक पक्षमा अझ सुधार गर्न सुझाव दिनुभयो।अर्थ सचिव खनालले मूल्याङ्कन प्रणालीमा सुधारको लागि भएको प्रयासको लागि खुसी व्यक्त गर्नु भयो। गोष्ठीबाट तयार गरिएको डेटाबेस ग्याट मूल्याङ्कन सम्झौताका आधारभूत छ वटा तरिका मध्येको एक तरिकालाई सहयोग पुऱ्याउने विभिन्न आधारहरू मध्येको एक आधारमात्र बनाउन निर्देशन दिनु भयो तथा यस डेटाबेसको आधारमा बिल बनाउने व्यापारिक अभ्यास बिस्तारै हट्दै जाने विश्वास व्यक्त गर्नु भयो। आर्थिक सल्लाहकार केशव आचार्यले भन्सार प्रशासन मूल्याङ्कन प्रणालीलाई यथार्थ कारोबार मूल्यसँग आबद्ध गराई राजस्वको लक्ष्य पूरा गर्न प्रतिबद्ध रहेकोमा खुसी व्यक्त गर्नु भयो।

भन्सार समाचार
Customs News

प्रकाशक
भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं

प्रमुख सल्लाहकार
बोधराज निरौला

सल्लाहकार
लवराज श्रेष्ठ
डिकरदेव भट्ट
कुल राज ज्ञवाली

प्रधान सम्पादक
श्याम प्रसाद दाहाल

सम्पादक
नीरद रेग्मी

मुद्रण
सूचना प्रविधि तथा
आधुनिकीकरण शाखा,
भन्सार विभाग,
काठमाण्डौ।
फो न. ४२५९७९१,
४२५९७९३
फ्याक्स ४२५९८०८
e-mail: it@customs.gov.np

# सम्पादकीय

भन्सार प्रशासनमा सदाचारको विषय चर्चाको शिखरमा रहेको अवस्थामा भन्सारको वस्तु मूल्याङ्कन प्रणाली र प्रक्रिया एक महत्वपूर्ण विषय हो। जबसम्म भन्सार विन्दुमा हुने गरेको न्यूनबिजकीकरणको अन्त्य भई वास्तविक कारोबार मूल्यमा राजस्व असुल गर्ने परिपाटिले पूर्णता पाउदैन तबसम्म भन्सार प्रशासन आलोचनामुक्त हुन सक्दैन। यसै सिलसिलामा हालै भन्सार विभागले एक सफल र प्रभावकारी केन्द्रीय मूल्याङ्कन गोष्ठी सम्पन्न गरेको छ। यसबाट एक व्यवस्थित मूल्याङ्कन प्रणालीको स्थापना हुने विश्वास लिइएको छ। यो एक अत्यन्त सकारात्मक पक्ष हो तर प्रभावकारी मूल्याङ्कन प्रणालीको उद्देश्य बढी राजस्व असुल गर्ने प्रयोजनको लागि भन्सार विन्दुमा वस्तुको मूल्याङ्कन बढाउनु हो भन्ने मानसिकताबाट उद्योगी व्यवसायीहरू लगायत सबै सरोकार समूह मुक्त हुनु पर्ने देखिन्छ। हुनत मूल्याङ्कन प्रणालीको उद्देश्य राजस्व बढाउनु मात्र नभएर यसबाट मूल्यस्तर र उद्योग क्षेत्रको उत्पादन क्षमतामा पर्ने प्रभाव हेर्नु समेत रहेको हुन्छ भन्ने गलत धारणा केही सरोकारवर्गबाट व्यक्त नभएको पनि होइन तर मूल्याङ्कन प्रणालीको मूल्यस्तर र उत्पादन क्षमतासँग प्रत्यक्ष सम्बन्ध हुँदैन, मूल्यस्तर र उत्पादन क्षमता त राजस्वको दरसँग सम्बन्धित विषय हो ।बरु असल मूल्याङ्कन प्रणालीले उद्योग व्यापारलाई अस्वस्थ प्रतिस्पर्धाबाट जोगाई पुँजीलाई निष्क्रिय र पलायन हुनबाट बचाएर अप्रत्यक्ष रुपमा मूल्यस्तर नियन्त्रण गर्न र उत्पादन क्षमता बढाउनुमा मद्दत गर्दछ। असल मूल्याङ्कन प्रणालीको उद्देश्य कारोबार मूल्यलाई वास्तविक मूल्य भन्दा कम पनि हुन नदिनु र बढि पनि हुन नदिनु नै हो भन्ने बुझ्नु बझाउनु जरुरी भएको छ। एक असल भन्सार प्रशासनमा नीति निर्माताहरूलाई कम राजस्व दर निर्धारण गर्न सुझाव दिने र सो नीतिबाट बढि राजस्व उठाउने गुणको अपेक्षा गरिन्छ जसको लागि भन्सार प्रशासनमा असल मूल्याङ्कन प्रणाली हुनु जरुरी हुन्छ। यसै सन्दर्भमा कारोबार मूल्यलाई मान्यता दिने सन्दर्भमा पेस भएको मूल्य उपर ज्यादै न्यून बिजकीकरणको शङ्का भई थप पुष्टि गर्नु पर्ने अवस्था देखिएमा मात्र भन्सार विभागले तयार गरेको मूल्य डेटाबेसलाई अनुसन्धान गर्न एक प्रारम्भिक आधारको रुपमा लिन सकिने भनि भन्सार विभागका महानिर्देशकले हालै एक कार्यक्रममा व्यक्त गर्नु भएको धारणा उद्योगी व्यवसायीको अन्योल निराकरण गर्न सहयोगी हुने महसुस गरिएको छ।

# नेपाल च्याम्बर अफ कमर्श सँग भन्सार मूल्याङ्कन बिषयक अन्तरक्रिया सम्पन्नः भन्सार प्रशासन ग्याट मूल्याङ्कन सम्झौता प्रति पूर्ण प्रतिबद्ध

भन्सार विभागमा १० गते सम्पन्न भएको मूल्याङ्कन गोष्ठी तथा यसले तयार गरेको मूल्याङ्कन डेटाबेस सम्बन्धमा १० गते बेलुका नेपाल च्याम्वर अफ कमर्सको भवनमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । भन्सार विभागका महानिर्देशक तथा उप महानिर्देशक र च्याम्वर अफ कमर्सका अध्यक्ष सुरेन्द्रवीर मालाकार लगायत भन्सार विभागका पदाधिकारीहरू तथा सम्पूर्ण भन्सार कार्यालयहरूका प्रमुख तथा च्याम्वर अफ कमर्सका पदाधिकारीहरू तथा निजी क्षेत्रका व्यवसायीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएकोनाताले भन्सार प्रशासन ग्याट मूल्याङ्कन प्रणालीप्रति प्रतिबद्ध रहेको विश्वास दिलाउनु भयो। मूल्याङ्कन गोष्ठीले तयार गरेको मूल्याङ्कन डेटाबेस कुनै कानूनी आधारमूल्य नभएको र भन्सारमा मूल्याङ्कन गर्दा यसलाई कुनै पनि हालतमा अन्तिम मूल्य वा न्यूनतम् मूल्यको रुपमा नलिइने तथा पैठारीकर्ताले प्रस्तुत गरेको कारोबार मूल्यलाई मान्यता दिने सन्दर्भमा यसलाई एक सन्दर्भ आधार तहको रुपमा मात्र लिइने र यस आधारमा भन्सार अधिकृतले मूल्य कायम गर्नु पर्ने देखिएमा तत्काल अन्य पैठारीकर्ताले पैठारी गरेको समरुप वा उस्तै प्रकारको वस्तुहरूको कारोबार मूल्यलाई नै आधारको रुपमा लिइने, आवश्यक परेमा उत्पादकले ब्रोडकास्ट गरेको मूल्यसूची समेतको अध्ययन गरिने जानकारी दिनु भयो। साथै तयार गरिएको मूल्याङ्कन डेटाबेस कुनै काल्पनिक मूल्यसूची नभएर वास्तविक पैठारी कारोबारहरूको कारोबार मूल्यको प्रशोधित डेटाबेस भएको जानकारी दिनुभयो।




कार्यक्रममा अध्यक्ष मालाकारले अन्तरक्रिया स्वागत योग्य भएको र यसले भन्सार प्रशासन र निजीक्षेत्रबीच थप समझदारी कायम गर्ने बताउनु भयो। यसबाट मूल्याङ्कन सम्बन्धी समस्याहरू तत्काल समाधान हुने अपेक्षा उद्योग व्यवसायीको रहेको जानकारी भन्सार प्रशासनलाई गराउनु भयो। साथै मूल्याङ्कन गोष्ठीमा निजीक्षेत्रलाई समेत सहभागी गराइएमा यसको प्रभाकारीता बृद्धि हुने गुनासोमूलक धारणा राख्नु भयो।

# मेची भन्सारमा Inland Container Depot को निर्माण ७० प्रतिशत सम्पन्न



भविष्यमा हुने द्विपक्षीयमात्र नभई बहुपक्षीय व्यापार बृद्धिको प्रचुर संभावनालाई दृष्टिगत गरी मेची भन्सार नाकामा एसियाली विकास बैंकको ऋण साहयतामा ICD (Inland Container Depot) निर्माणको कार्य भैरहेको छ । क्षेत्रीय तथा बहुपक्षीाय व्यापार बृद्धि गर्ने उद्देश्यबाट प्रेरित भई सुविधायुक्त ICD (Inland Container Depot) निर्माण गर्न सरकारले दूरदृष्टिका साथ कदम चालेको टडकारो रुपमा देखिएको छ । उक्त ICD (Inland Clearance Depot)] को निर्माण निर्धारित समयसीमा भित्र विभिन्न आन्तरिक कारणबाट सम्पन्न हुन नसके तापनि निकट भविष्यमा निर्माण कार्य सम्पन्न भई संचालनमा आएपछि मालवस्तुको सहज आवागमन, भण्डारन, व्यापार सहजीकरण तथा जाँच परिक्षण जस्ता कार्यमा सरलता आउने र व्यावसायिक लागत घटने आशा गरिएको छ । २०६६ श्रावण मसान्त सम्म ICD को निर्माण कार्य करिब ७०% जति सम्पन्न भई सकेको छ । भारत, बंगलादेश र भूटानबाट सबभन्दा नजिकको नेपालको नाकाको रुपमा रहेको यस नाकाबाट दिनानु दिन व्यापार वृद्धि भइरहेको तथ्याङ्कबाट पुष्टि भएको छ । भविष्यमा यस नाकाबाट बहुपक्षीय तथा क्षेत्रीय व्यापार वृद्धिको प्रचुर संभावनाहरु देखिन्छ । फलस्वरुप ती मित्रराष्ट्रहरुसंगको पारस्पारिक व्यापारको कारणबाट आपसी सदभाव, मैत्री र भाइचारा समेतमा अभिवृद्धि भई सम्बन्ध सुदृढ हुने आशा गरिन्छ ।

# युनिपासको प्रयोग सम्बन्धमा दक्षिण कोरियाको प्रतिनिधिमण्डलसँग छलफल

भन्सार प्रशासनको आधुनिकीकरण र स्वचालनको लागि विगत १३ वर्षदेखि प्रयोगमा रहेको आसिकुडा प्रणालीको सम्भाव्य विकल्पको रुपमा देखिएको युनिपासको नेपालको भन्सार प्रशासनमा प्रयोगको सम्भावना सम्बन्धमा भन्सार प्रशासन र दक्षिण कोरियाको उच्च स्तरीय प्रतिनिधि र विशेषज्ञ सम्मिलित एक टोलीबीच भन्सार विभागमा एक छलफल कार्यक्रम आयोजना गरियो। भदौ ९ गते आयोजित सो कार्यक्रममा दक्षिण कोरियाको तर्फबाट Korian Customs UNI-PASS Information Association (CUPIA) का प्रमुख सुङ्ग युन काप, बरिष्ट सल्लाहकार साङ्ग सिक ओ, वरिष्ट परामर्शदाता जुन्कसुक किम सम्मिलित हुनु हुन्थ्यो भने नेपाल भन्सार प्रशासनको तर्फबाट भन्सार विभागका महानिर्देशक, उपमहानिर्देशक निर्देशक लगायत सम्पूर्ण भन्सार कार्यालयहरूका कार्यालय प्रमुखहरू र राजस्व अनुसन्धान विभागका निर्देशक सम्मिलित हुनुहुन्यो।

कार्यक्रममा प्रथम चरणमा कोरियाको तर्फबाट जुन्कसुक किमले नेपालमा युनिपासको प्रयोगको प्रबल सम्भावना रहेको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। त्यसपछि नेपाली पदाधिकारीहरूबाट कोरियन पक्ष समक्ष युनिपासको प्राविधिक पक्ष र यसको नेपालमा प्रयोगमा देखा पर्ने सम्भाव्य अवसर र समस्याहरूको विषयमा जिज्ञासा राख्नु भयो। गहन अन्तरक्रिया पछि अन्तमा भन्सार विभागको सूचना प्रविधि तथा आधुनीकरण शाखाका निर्देशक श्याम दाहालले यसको प्रयोगबाट प्राप्त गर्न सकिने सकारात्मक परिणाम र नकारात्मक परिणामहरूको बारेमा सारगर्भित कार्यपत्र प्रस्तुत गर्नु भयो।

युनिपास प्रणालीले हाल आसिकुडा प्रणालीले समेट्न नसकेको यात्रु जाँचपास, महसुल फिर्ता, जाँचपास पछिको परीक्षण आदिलाई पनि समेट्छ। यसमा नेपाली भाषा प्रयोग गर्न र राष्ट्रिय आवश्यकता अनुसार परिमार्जन गर्न सकिन्छ जुन हाल प्रयोगमा रहेको आसिकुडा को भर्सनमा सम्भव छैन। आसिकुडा वर्ल्ड भर्सनमा भने यो सुविधा रहेको छ।



युनिपास दक्षिण कोरियाको CUPIA द्वारा विकास गरी दक्षिण कोरियाको भन्सार प्रशासनमा अति सफल रुपमा प्रयोगमा रहेको भन्सार स्वचालन प्रणाली हो। पूर्ण विद्युतीय तथा इन्टरनेटको आधारमा वृहत् भौगोलिक क्षेत्रमा सजिलै प्रयोग गर्न सकिने यस प्रणालीलाई संयुक्त राष्ट्र संघको भ्रष्टाचार विरुद्धको सम्मेलनले सन् २००१ मा सबै भन्दा राम्रो पद्धतिको रुपमा प्रस्तुत गरेको थियो।

# सुक्खा बन्दरगाह भन्सारद्वारा पुस्तक प्रकाशित

सुक्खा बन्दरगाह भन्सार कार्यालयले कार्यालय स्थापना भएको ५ वर्ष पूरा भएको अवसरमा सो कार्यालयले सरोकारवर्गलाई पुऱ्याउँदै आएको सेवाको बारेमा जानकारी गराउने तथा विगत ५ वर्षको कार्य प्रगति सार्वजनिक गर्ने उद्देश्यले एक पुस्तक प्रकाशन गरेको छ। पुस्तकको नाम " सुक्खा बन्दरगाह भन्सार कार्यालयय:एक जानकारी " रहेको छ। पुस्तक सरोकारवर्ग र इच्छुक सम्पूर्ण पाठकलाई निःशुल्क वितरण गरिएको छ। पुस्तक अत्यन्त उपयोगी र स्तरीय रहेको बताउँदै उपमहानिर्देशक लवराज श्रेष्ठले कार्यालय तथा कार्यालय प्रमुखलाई बधाई र धन्यवाद दिनु भएको छ।




भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले सुक्खा बन्दरगाह भन्सार कार्यालयको यो कदम अत्यन्त उत्साहजनक र प्रगतिशिल बताउनु भयो र सो कार्यालयका प्रमुख भन्सार अधिकृत तुलसीराम सेडाईलाई बधाई र विशेष धन्यवाद दिदै अन्य भन्सार कार्यलयका कार्यालय प्रमुखहरूलाई पनि यस किसिमको गतिविधिलाई प्रोत्साहन र कदर गरिने जानकारी दिनुभयो। पुस्तक प्रकाशनको लागि कार्यालयलाई बधाई दिने तथा यसको सफलताको कामना गर्ने सन्दर्भमा महानिर्देशक भन्नु हुन्छ "भन्सार कार्यालयहरूको कार्यसम्पादनस्तरमा वाञ्छित सुधार ल्याउन कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको नौलो प्रयोगको सुरुआत गरेको सुक्खा बन्दरगाह भन्सार कार्यालय "नमुना भन्सार" को रुपमा घोषणा गरिएको कार्यालय पनि हो। यो प्रणालीलाई दिगो रुपमा कार्यान्वयन गर्न कार्यालय स्थापनाको पाँच वर्ष पूरा गरेको अवसरमा प्रकाशन हुन लागेको यस जानकारीमूलक पुस्तिकाले सहयोग पुग्ने आशा लिएको छु। सदाचार पद्धतिको पूर्ण स्थापना गर्दै स्वच्छ छवियुक्त भन्सार बनाउन कार्यालयलाई सफलता मिलोस् भन्ने शुभकामना पनि व्यक्त गर्दछु। यस प्रकाशनले सुक्खा बन्दरगाह भन्सार कार्यालयका गतिविधि जनमानसमा तथा सरोकारवालाहरूमा पुऱ्याई भन्सार प्रशासनलाई पारदर्शी, सेवामुखी, प्रभावकारी, स्वच्छ, सदाचारमुखी तथा व्यवसाय मैत्री बनाउन सहयोग पुऱ्याउन सकोस् भन्ने कामना गर्दछु।"

पुस्तक ४ खण्डमा विभाजित रहेको छ। प्रथम खण्डमा कार्यालय र कार्यसन्दर्भका विद्यमान अवस्था तथा हालसम्मको वस्तुस्थितिको विवेचना गरिएको छ। दोस्रो खण्डमा कार्यालयको गतिविधि र कार्य प्रगति र कार्य योजनाको बारेमा वर्णन गरिएको छ। तेस्रो खण्ड विशेष अध्ययन योग्य हरेको छ किनकी यो खण्ड विश्लेषणयुक्त र अनुसन्धानात्मक रहेको छ। यस खण्डमा SWOT Analysis तथा प्रश्नावली विश्लेशणको माध्यमबाट सेवाग्राहीले गरेको कार्यालयप्रतिको मूल्याङ्कन प्रस्तुत गरिएको छ। चौथो खण्डमा तत्कालीन र दिर्घकालिन सुधार र सुझावका पक्षहरू समावेश गरिएको छ।

# भन्सार कार्यालयहरू व्यापार सहजीकरणतर्फ अग्रसर

भन्सार सुधार तथा आधुनिकीकरणको क्रममा भन्सार कार्यालयहरूले सुधारका विभिन्न प्रक्रियाको थालनी गरेको समाचार प्राप्त भएका छन्। त्रिभुवन विमानस्थल भन्सार कार्यालयले भन्सार सुधारको क्षेत्रमा एक फड्को मार्दै आशिकुडा प्रणालीबाट जारी भएको अङ्ग्रेजी प्रज्ञापनपत्रका आधारमा जाँचपासको प्रक्रिया गत भदौ ६ गते देखि सुरु गरेको छ। यस अघि भन्सार एजेन्टहरूले प्रज्ञापनपत्रको अलग फारम भरी भन्सार कार्यालयले त्यस प्रज्ञापनपत्रलाई कम्प्युटरमा प्रविष्टि गराउने दोहोरो व्यवस्था थियो। अब, भन्सार एजेन्ट आफैं ले आसिकुडा प्रणालीमा प्रज्ञापनपत्र प्रविष्टि गरी प्रिन्ट निकाल्ने र सो अङ्ग्रेजी प्रज्ञापनपत्रमा हस्ताक्षर गरी भन्सार कार्यालयमा जाँचपासका लागि पेश गर्नु पर्नेछ। यसका अतिरिक्त, साबिकमा भन्सार एजेन्टले सर्वप्रथम प्रज्ञापनपत्र रजिस्टर दर्ता गर्ने बाध्यात्मक व्यवस्था थियो। अब, भन्सार एजेन्टले प्रज्ञापनपत्र रजिष्टरमा दर्ता गर्नु नपर्ने र कम्प्युटरले जारी गरेको दर्ता नम्बर नै उक्त प्रज्ञापनपत्रको दर्ता नम्बर हुने व्यवस्था गरिएको छ। यस परिवर्तनबाट भन्सार जाँचपासमा रजिष्टरमा दर्ता गर्दा लाग्ने समय र प्रज्ञापनपत्र प्रविष्टिमा हुने ढिलाईलाई अन्त गरि जाँचपासलाई बढी सहज गराएको अनुभूति गरिएको छ। आसिकुडा प्रणालीको दर्ता नम्बरलाई नै कायम गरि रजिस्टरमा दर्ता गर्ने व्यवस्था आसिकुडा लागेका अन्य भन्सारहरूले समेत कार्यान्वयनमा ल्याई सकिएको छ भने भन्सार एजेन्टहरूले नै प्रज्ञापनपत्र प्रविष्टि गरी प्रिन्ट गर्ने कार्य निकट भविष्यमा सबै ठूला भन्सार कार्यालयहरूमा लागु गर्न भौतिक पूर्वाधारमा सुधार र सरोकारबालाहरू सँग अन्तरक्रिया गर्ने कार्य सञ्चालन भई रहेकाछन्। यसै सन्दर्भमा, भन्सार विभागको एक ५ सदस्यीय टोलीले वीरगन्जमा वीरगञ्ज उद्योग व्यापार संघ र भन्सार एजेन्टहरू सँग अन्तरक्रिया गरी भन्सार सुधार र आधुनिकीकरणमा सरोकारवालाहरूको सहयोगको अपेक्षा गरेको थियो। वीरगञ्ज उद्योग बाणिज्य संघ र भन्सार एजेन्टहरूले भन्सार सुधारको कार्यक्रमलाई अघि बढाउन आवश्यक सबै सहयोग गर्ने मन्तव्य व्यक्त गरेका थिए।



# मेची भन्सार आधुनिकीकरण र व्यापार सहजीकरण तर्फ उन्मुख

विश्व भन्सार संगठनका सदस्य राष्ट्रहरु तीव्र गतिमा भन्सार आधुनिकीकरणतर्फ उन्मुख भई रहेको यस परिस्थितिमा मेची भन्सारले समेत भन्सार प्रक्रियामा आधुनिकीकरणतर्फ उन्मुख हुनु पर्ने आवश्यकता महसुस गरी Broker Module / Selectivity Module निकट भविष्यमा सुरुवात गर्ने सोचबाट अभिप्रेरित भई पूर्व तयारी गरिरहेको जानकारी प्राप्त भएको छ आधुनिकीकरणको सिलसिलामा Manual प्रणालीलाई त्यागी Computer प्रणालीबाट गर्न आवश्यक उपकरणको व्यवस्थापन, भौतिक पूर्वाधारको तयारीका साथै सिपमुलक तालिम प्रदान गरी जनशक्तिमा दक्षता अभिवृद्धि गर्न यस भन्सार प्रशासन लागि परेको छ। साथै केही प्रक्रिया Computer प्रविष्टबाट सुरुवात समेत गरि सकेको छ। नियमित रुपमा सुचारु रहेको जाँचपास प्रक्रिया समेतमा सुधार गर्ने हेतुले सेवाग्राहीलाई प्रवेश पास, भन्सार एजेण्ट तथा एजेण्टको प्रतिनिधिलाई परिचयपत्र उपलब्ध गराई छिटो, छरितो र पारदर्शी तरिकाबाट कार्य गर्ने मनसायबाट अभिप्रेरित भई सुरुवात भएको छ। साथै जाँचपासको कार्यशैलि परिवर्तन गरिएको छ जसबाट सकारात्मक परिणाम आउछ भन्ने विश्वास लिइएको छ। भन्सार कार्यालय संग सरोकार रहेका सेवाग्राही, मालधनी, भन्सार एजेण्ट र भन्सार एजेण्टको प्रतिनिधिको सामान जाँचपास प्रकृया I[st] IN I[st] OUT उद्देश्यबाट प्रेरित भई टोकन प्रणालीको थालनी भएको र सो कार्य सुचारु रहेको छ। त्यस्तै यात्रु शाखाबाट आवागमन मुल उद्देश्य लिई यात्रा गर्ने नागरिकहरुमा छिटो, छरितो र सहज बनाउन संक्षिप्त प्रज्ञापनपत्रको माध्यमबाट Passenger Clearance थालनी गरिसकिएको छ।

भन्सार जाँचपास प्रक्रिया




मेची भन्सार कार्यालयलाई आ.व. २०६५।६६ को लागि वार्षिक राजस्व लक्ष्य रु. १,३९,८४,०८।-हजार तोकिएकोमा राजस्व असुली रु. १,५३,४७,२९,।-हजार भई उत्साहजनक रुपमा १०९.०७% राजस्व असुली भई राजस्व लक्ष्य हासिल गर्न सफल भएको छ। त्यस्तै चालु आ.व. २०६६।६७ को लागि जम्मा राजस्व लक्ष्य रु १,७६,८३,३९।-हजार रहेको छ। राजस्व असुली कार्यमा मेची भन्सार कार्यालयबाट उत्साहजनक सफलता हासिल गर्नमा नेपाल सरकारबाट गत वर्षदेखि लागू गरिएको सदाचार पद्धती एवं प्रोत्साहन प्रणालीबाट राजस्व असुली कार्यमा संलग्न कर्मचारीहरुको मनोवल एवं लगनशीलताको महत्वपूर्ण भूमिका रहेको विश्वास कार्यालय प्रमुख डा. ज्ञानुराजा श्रेष्ठ बताउनु हुन्छ। यसबाट राजस्व सङ्कलनमा मात्र सकारात्मक असर परेको नभई बेरुजु फछ्र्यौट, मुद्दा फछ्र्यौट लगायत कार्यालयलाई निर्दिष्ट अन्य कार्य समेतमा प्रगति भएको तथ्य कार्यालयको सुचांङ्कबाट प्रमाणित भएको छ।साथै यस सदाचार पद्धतिबाट यस भन्सार प्रशासन संग आबद्ध निकाय, सेवाग्राही र सरोकारवालामा समेत सकारात्मक प्रभाव देखिएको छ भने कार्यालयमा अनावश्यक चन्दा, चिट्ठा तथा आर्थिक सहयोगको अपेक्षा गर्ने वर्ग समुदायको पनि न्यून भएको अनुभूति भएको छ।

# कृष्णनगर भन्सार चोरी पैठारी नियन्त्रण तर्फ सक्रिय

यस कार्यालयले आ.व. २०६३।०६४ मा कूल राजस्व ४४०५११०००।-, आ.व. २०६४।०६५ मा ४५१६३३०००।- असूली गरेकोमा आ.व. २०६५।०६६ मा कूल लक्ष्य रु ५६,९२,८४,०००।- को तुलनामा ७१,९२,८७,०००।- अर्थात कूल लक्ष्यको १२६% भन्दा बढी राजस्व असूल गरी उल्लेख्य प्रगति हासिल गरेको छ।

गत आ.व. २०६५।०६६ मा नेपाल सरकारले भन्सार विभाग अन्तर्गतका भन्सार कार्यालयहरुको कामको आधारमा प्रोत्साहन प्रणाली लागू गर्ने निर्णय गरी राजस्व असूली कार्यमा उल्लेख्य कामको आधारमा प्रोत्साहित गर्ने नीति लिए अनुरुप २०६५ मार्गदेखि २०६६ असारसम्ममा यस भन्सार कार्यालयले शुरु तलवको औसत १२९.१२५% दरले कर्मचारीहरुले प्रोत्साहन भत्ता पाई काम सपन्न गरेका छन्। यसबाट कर्मचारी वर्गमा कामको जिम्मेवारी प्रति अत्यन्त लगनशील र मेहनत रहन प्रेरित गरेको छ।

२०६६ श्रावण महिनामा चोरी पैठारी अन्तर्गत यस कार्यालयमा दाखिला भै कारवाहीको सिलसिलामा पुकार गुट्का, सूति चिनीमिठाई, पंखा, केवलतार, चप्पल जस्ता विभिन्न सामानहरु विभिन्न आवेदन संख्या १० बाट रु ४,६५,७१७- को अवैध चोरी पैठारी नियन्त्रण बरामद गरी कारवाहीमा लिएको छ। यसबाट कार्यालय चोरी पैठारी नियन्त्रण गर्न अति सम्वेदनशील रहेको देखिएको छ।

यसरी कृष्णनगर भन्सार कार्यालय उपरार्युक्त आ.व. तथा अवधिमा आफ्नो कार्यालयको कामको जिम्मेवारीमा अत्यन्तै उत्साहित रहेको छ। चालू आ.व. को राजस्व असुली गर्न कार्यालय सम्वेदनशील रहेको फलस्वरुप श्रावण महिनामा कूल लक्ष्य रु. १,७८,७७ हजारको तुलनामा रु ३,१७,०० हजार अर्थात कूल लक्ष्यको तुलनामा १७७% बढी राजस्व संकलन गर्न सफल भएको छ। त्यसैगरी आगामी महिनाहरुमा पनि तोकिएको लक्ष्य अनुसार राजस्व संकलन गर्न सफल हुने कुरामा सवै कर्मचारीवर्ग विश्वस्त रहेका छन्।

**चोरी निकासी वा पैठारी पक्राउ गर्ने वा सुराक दिने व्यक्तिलाई पुरस्कार दिने सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ७१ को व्यवस्था:** कसैले कुनै मालवस्तु चोरी निकासी वा पैठारी गर्न लागेको वा गरेको कुराको सुराक दिने वा त्यस्तो मालवस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने व्यक्तिलाई त्यस्तो कार्य प्रमाणित हुन आएमा त्यस्तो मालवस्त लिलाम बिक्री गरी प्राप्त हन आएको रकमबाट तोकिएबमोजिम परस्कार दिइनेछ।

# कञ्चनपुर भन्सारको कार्यसम्पादनको स्तर उच्च

न्यून भौतिक पूर्वाधार, दक्ष जनशक्तिको कमी तथा सीमामा रहेको जीर्ण अवस्थाको पूलको कारण भारतीय बजारसँग नियमित यातायात सम्पर्कको कठिनाइ जस्ता चुनौतीको बावजूद कञ्चनपुर भन्सार कार्यालयलाई गत आ.व.मा भन्सार महशूल तर्फ रु १ करोड ७३ लाख र मू.अ.क. तर्फ रु ५६ लाख ९४ हजार लक्ष्य तोकिएकोमा भन्सार महसूल तर्फ रु २ करोड ५१ लाख ७६ हजार र मू .अ.क. तर्फ रु ८५ लाख १२ हजार राजस्व असुल भई लक्ष्य भन्दा बढी प्रगति हासिल गरेको छ ।

यसैगरी गत वर्ष बार्षिक १४ वटा PCA गर्न लक्ष्य तोकिएकोमा १४ वटै PCA सम्पन्न गरी शतप्रतिशत प्रगति हासिल गरेको देखिन्छ । गस्तीलाई प्रभावकारी बनाउदै सिमेण्ट, मलखाद, चिनी ,कपडा जस्ता रु २१ लाख २६ हजार बराबरका मालबस्तु पक्राउ गरि चोरी निकासी पैठारीलाई निरुत्साहित गर्ने प्रयास गरेको देखिन्छ।

त्यसैगरी गत वर्ष कुल १२५ वटा मुद्दा पर्न आएकोमा १२४ वटा फछ्र्यौट गरिएको देखिन्छ । चोरी पैठारी अभियोगमा पक्राउ परि जफत भएका मालबस्तुको लिलामबाट रु ११३१७५४।- राजस्व असूल गरिएको छ। बेरुजु तर्फ बार्षिक लक्ष्य रु ३ लाख ९४ हजार रहेकोमा रु ६ लाख ४० हजार बेरुजु फछ्र्यौट भइ १६२ प्रतिशत प्रगति हासिल गरेको छ। कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली अन्तर्गतका समग्र परिसूचकहरुमा यस कार्यालयले बार्षिक औषत १४० प्रतिशत प्रगति गरी सबै मूल भन्सार कार्यालयहरुमध्ये तेस्रो स्थान प्राप्त गर्न सफल भएको छ। चालु आ.व.०६६।०६७ को श्रावण महिनामा समेत भन्सार महसुल तर्फ लक्ष्य रु ९ लाख रहेकोमा रु १३ लाख ७६ हजार असूली भएको र मू.अ.क. रु ३ लाख ३१ हजार लक्ष्य रहेकोमा ६ लाख ६५ हजार असूल गरी लक्ष्य भन्दा उल्लेख्य मात्रामा बढी राजस्व असूली गरेको देखिन्छ। यस आ.व.का आगामी दिनहरुमा यस भन्सार कार्यालयको कार्य सम्पादन स्तरलाई अझ प्रभावकारी बनाइ सरोकार वाला सबै निकायहरु सँग प्रभावकारी समन्वय कायम गर्दै चोरी निकासी पैठारीलाई कडाइका साथ नियन्त्रण गरी राजस्व सङ्कलनमा अझ अभिवद्धि गरिने एवं कार्यालयबाट प्रदान गरिने सेवाहरुको गुणस्तरमा अभिबद्धि गर्दै लैजान प्रयास गरिने प्रतिवद्धता कार्यालयले व्यक्त गरेको छ।

# विभागबाट भन्सार कार्यालयहरूको स्थलगत निरीक्षण

भन्सार विभागका पदाधिकारीहरूले पूर्वाञ्चल र मध्यमाञ्चलका १२ भन्सार कार्यालय र केही छोटी भन्सार कार्यालयहरूको निरीक्षण गर्नु भयो। निरीक्षण भ्रमणको उद्देश्य भन्सार कार्यालयका चुनौती, राजस्व असुली स्थिति, कर्मचारी एवं कार्यालय वातावरण, भौतिक पूर्वाधार, चोरी पैठारी नियन्त्रणको अवस्था, छोटीहरूको सञ्चालन, सूचना प्रविधिको प्रयोग आदिका सम्बन्धमा स्थलगत अवलोकन गरी समस्याहरू पहिचान गर्ने र भन्सार विभागमा प्रतिवेदन पेस गर्ने रहेको थियो। निरीक्षण टोलीमा निर्देशक प्रेमराज जोशी, निर्देशक श्याम प्रसाद दाहाल, निर्देशक कृष्णराज जोशी, शाखा अधिकृत प्रदीप गजुरेल र तथ्याङ्क अधिकृत भैरव खकुरेल सम्मिलित थिए। टोलीले पशुपतिनगर, मेची, विराटनगर, सुन्सरी, राजविराज, सिराहा, सर्लाही, जनकपुर, जलेश्वर, गौर, सुक्खा बन्दरगाह र वीरगञ्ज भन्सार कार्यालयको निरीक्षण गरेको थियो। निरीक्षण टोलीले जनकपुर भन्सार कार्यालयमा प्रमुख जिल्ला अधिकारी र सिराहा भन्सार कार्यालय, जनकपुर भन्सार कार्यालय र राजविराज भन्सार कार्यालयमा सुरक्षा निकायहरूसँग समेत भन्सार सुरक्षा र चोरी पैठारी नियन्त्रणका सम्बन्धमा अन्तरक्रिया गरेको थियो। यसै क्रममा निरीक्षण टोलीले वीरगञ्ज र सुक्खा बन्दरगाह भन्सार कार्यालयको सुधारका सम्बन्धमा वीरगञ्ज उद्योग वाणिज्य संघका पदाधिकारीहरू र भन्सार एजेन्टहरूसँग अलग अलग कार्यक्रमका बीचमा अन्तरक्रिया गरेको थियो। यस किसिमको संयुक्त टोलीको निरीक्षणबाट कार्यालयको कार्यसम्पादनस्तरमा वृद्धि हुने र कार्यालयको समस्याहरू प्रभावकारी ढङ्गले निराकरण गर्न सघाउ पुग्ने देखिएको छ।



# राजस्व चुहावटले दुवै पक्षलाई हानी गराउने



राजस्व सङ्कलनका दृष्टिकोणले मुलुकको दोस्रो ठूलो भन्सारको रुपमा रहेको भैरहवा भन्सार कार्यालय गत आ.व.मा कुल वार्षिक लक्ष्यको १५० प्रतिशत राजस्व सङ्कलन गर्न सफल भएको छ। यसै सिलसिलामा सो भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत सुदिपचन्द्र शाह सँग यस समाचारपत्रका सम्पादन समूहले एक अन्तरवार्ता लिएको थियो जसको केही अंश यहाँ जस्ताको तस्तै प्रस्तुत गरिएको छ।

प्रश्न नं.१ : आ.व.२०६४/६५ मा भन्सार महशुलको बार्षिक लक्ष्यको ९३% मात्र हासिल भएकोमा गत वर्ष भन्सार महशुल लक्ष्यको १९३% प्रगति हासिल भएको छ। यो देशमा हालका महिनाहरुमा देखा परेको उपभोग्य वस्तुको पैठारीको

**बढदो trend को परिणाम मात्र हो कि यसमा कार्यालयको बिशेष कसरतको पनि योगदान रहेको छ?**

भैरहवा भन्सार कार्यालयबाट मुख्यतया भारतीय सरसामान पैठारी हुने भन्सार विन्दुको रुपमा रहेको छ । विगतका वर्षहरु देखि भौतिक पूर्वाधारहरुको बृद्धिले गर्दा औद्योगिक कच्चा पदार्थहरु, सिमेन्ट, क्लिकंर, पेट्रोलियम पदाथ MS Billets जस्ता वस्तुहरुकै वाहुल्यता भएकोले राजस्वमा वृद्धि भएको हो । यस्का अतिरिक्त हालका दिनमा दुग्धजन्य पदार्थ, Confectionary item, Coffee केहि तयार खाद्य सामाग्रीहरुको आयात पनि वृद्धिको क्रममा रहेकोले राजस्वमा सकारात्मक अवस्था रहेको छ । साथै चोरी पैठारीलाई हतोत्साह गर्न सधन गस्ती परिचालनको परिमाण पनि हो ।

**प्रश्न नं.२: सुधारका कार्यक्रम कसरी अघि बढेका छन्?**

भन्सार प्रशासनमा मुख्यतया ३ पक्षमा सुधारको आवश्यकता रहेको मलाई लाग्दछ ।

(१) वस्तुको पहिचान तथा वर्गीकरण – यसबाट भन्सार दरको एकिन हुने सोहि वर्गीकरणबाट राजस्व प्रशासन तथा सेवाग्राही दुवै win - win अवस्थामा रहन्छन ।

(२) वस्तुको वनावट, गुणस्तर, प्रयोग, उत्पादन भएको मुलुक, भाडा विमाको बनाबटले भन्सार प्रयोजनको लागि कारोवार मूल्य कायम गरिने गरिन्छ। यी विषय ज्यादै संवेदनशिल तथा ज्यादै विस्तृत विषय भएकोले यसलाई ज्यादै गम्भीरतापुर्वक लिनु पर्दछ । अन्यथा यसको परिणाम स्वरुप वजार असन्तुलन, राजस्व चुहावट जस्ता विषयले दुवै पक्षलाई win -win को .सट्टा दुवै पक्षले हारको सामाना गर्नुपर्ने हुन्छ ।

(३) उपरोक्त विषय वस्तु कार्यानवयन गर्ने राजस्व प्रशासनले उच्च आदर्श मनोवलबाट प्रेरित भई राजस्व प्रशासन संचालन गर्दा समग्रमा राजस्व असुली वृद्धि भई व्यापार सहजीकरण हुने देखिन्छ ।

**प्रश्नः नं.३ चुनौती तथा समस्याहरू के कस्ता छन् र समाधानका उपायहरू के हुन सक्ने ठान्नुहुन्छ?**

मानव संशाधनको कमी यस कार्यालयको प्रमूख चुनौतीहरु मध्येको एक रहेको छ। धम्की तथा चन्दा असुली जस्ता कार्यहरुले कर्मचारीहरुको मनोबलमा कमी आई राजस्व असूलीमा प्रतिकुल असर पर्न सक्ने सम्भावना रहेको छ। हालको ट्रकको टारपिन त्रिपालमा सिल लगाउने व्यवस्था त्यति भरपर्दो नभएकोले यसले कामगर्ने कर्मचारीहरुको लागि समस्या पर्न सक्दछ। यसमा सुधार हुन पर्दछ। कार्यालयमा सामान तथा जनशक्तिको लागि स्थानको अभाव गम्भिर समस्याको रुपमा रहेको छ। निकासी पैठारीको बढ्दो स्वरुपको कारण सुक्खा बन्दरगाह साधुरो भएकोले जाँचपास कार्यमा कठिनाई बढ्दै गएको छ। बेलहिया-बुटवल सडक खण्डमा मालबाहक ढुवानी साधनको चाँप अत्यन्त बढी हुने हुँदा सडक अत्यन्त साँधुरो महशुस भएको छ। यसलाई ४ लेनको बनाउनु उपयुक्त हुन्छ। यी नै समस्याहरुको कारणले तथा यस वर्षको लागि गत वर्षको असुलीको आधारमा तोकिएको राजस्व केही बढी महशुस भएको कारणले यस वर्षको राजस्व सङ्कलनको लक्ष्य चुनौतीपूर्ण रहेको महशुस भएको छ।

**प्रश्न नं.४ : गत आ.व.मा यस कार्यालयले प्राप्त गरेको कुल बार्षिक औषत कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता मात्र ७४% रहेको छ, यसमा यहाँको प्रतिक्रिया के छ? प्रोत्साहन प्रणालीका परिसूचकहरू सम्बन्धमा यहाँको प्रतिक्रिया के रहेको छ?**

कार्य सम्पादन परिसुचकको चयन समग्रमा बनाइएको एउटा आधारशिला हो । भन्सारको विन्दु पिच्छे काम कारवाही फरक हुन सक्छ । लक्ष्य तथा त्यसको असुलीले पनि प्रोत्साहन भत्तामा असर पर्ने भएकोले यस्तो हुन सक्दछ । समग्रमा प्रोत्साहन भत्ता प्रति इकाई राजस्व असुली भएकोमा सो लाई आधार मानी प्रोत्साहन दिंदा वढि व्यवहारिक हुन्छ ।

## कार्यालय परिचय

# भैरहवा भन्सार कार्यालय

१.परिचय :

राजस्व असुलकिो दृष्टिकोणले मुलुकको दोश्रो ठूलो भन्सार कार्यालयको रुपमा भैरहवा भन्सार कार्यालयको स्थान रहेको छ । पश्चिम नेपालको मूल प्रवेशद्वारको रुपमा रहेको यो भन्सार कार्यालयबाट पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न जिल्ला तथा काठमाडौंसम्म भारतीय वस्तुहरुको पैठारीमा यसको अग्रणी स्थान रहेको छ । गत आर्थिक वर्ष २०६५/०६६ मा बार्षिक तोकिएको लक्ष्य (भन्सार, मु.अ.कर तथा अन्त:शुल्क) रु. ६ अर्व २८ करोड ६२ लाख ६९ हजारमा रु. ६ अर्व ४८ करोड २८ लाख ६७ हजार असुली भै लक्ष्यको तुलनामा रु.१९ करोड ६५ लाख ५८ हजार बढी राजस्व संकलन असुली गर्न सफल रह्यो । चालु आर्थिक वर्ष २०६६/०६७ को पहिलो श्रावण महिनाको राजस्व असुली पनि उत्साहप्रद रहेको छ। यो महिनामा कूल लक्ष्य रु.४६ करोड ३८ लाख ५७ हजार तोकिएकोमा यो कार्यालयले रु.६९ करोड ४६ लाख ५६ हजार असुली गरी पहिलो महिनामानै लक्ष्यको तुलनामा १४९.७६% अर्थात् रु.२३ करोड ७ लाख ९९ हजार लक्ष्यभन्दा बढी असुल गर्न सफल रहेको छ । साथै यो असुली गत वर्षको तुलनामा रु.३० करोड ८४ लाख ६४ हजार बढी अर्थात् १७९.८७% बढी रहेको छ । राष्ट्रिय निकासी पैठारी व्यापारको वढ्दो परिमाण स्वरुप यो कार्यालयको कार्य पनि वढ्दो अवस्थामा रहेको छ । भन्सार सुधार कार्याक्रम अनुरुप वढ्दो कार्यलाई व्यवस्थित, वैज्ञानिक तथा परिणाममुखी बनाउन निरन्तर सुधारका कार्य भैरहेका छन्।

२.राजस्व असुलीको स्थिति

आ.ब. २०६६/६७ श्रावण महिनाको कार्य प्रगति विवरण

| शिर्षक | आ.ब. २०६६/६७ (रु. हजारमा) | | |
|---|---|---|---|
| | लक्ष्य | असूली | प्रगती % |
| भन्सार | १७६७७५ | २८८१९४ | १६३।०३ |
| मू.अ.कर | २७८६२० | ३७३९३६ | १३४।२१ |
| अन्त:शुल्क | ८४६२ | ३२५२६ | ३८४।३८ |
| जम्मा | ४६३८५७ | ६९४६५६ | १४९।७६ |
| अन्य | | ८९६० | |
| कूल जम्मा | | ७०३६१६ | |

आ.ब. २०६५/६६ को कार्य प्रगति विवरण

| शिर्षक | आ.ब. २०६५/६६ (रु. हजारमा) | | |
|---|---|---|---|
| | लक्ष्य | असूली | प्रगती % |
| भन्सार | ३०१२५७० | २८०२४६१ | ९३ |
| मू.अ.कर | ३१४९१९९ | ३५५५७९४ | ११३ |
| अन्त:शुल्क | १२४५०० | १२४८१२ | १०० |
| जम्मा | ६२८६२६९ | ६४८२८६७ | १०३ |
| अन्य | | ४७२२०५ | |
| कूल जम्मा | | ६९५५२७२ | |

**<u>मूल्याङ्कन पुनरावलोकन समिति सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ६१ को व्यवस्था:</u>** भन्सार अधिकृतले मूल्याङ्कन सम्वन्धमा भन्सार ऐन बमोजिम गको निर्णय वा आदेशउपर चित्त नबझ्ने व्यक्तिले पनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले पन्ध्र दिनभित्र भन्सार ऐन बमोजिम गठित मल्याङ्कन पनरावलोकन समिति समक्ष तोकिए बमोजिम निवेदन दिन सक्ने छ।

३.प्रशासनिकसंगठन




.४. भौतिक तथा प्रणाली सुधार कार्य : भैरहवा भन्सार कार्यालय तथा अर्न्तगतका छोटी भन्सार कार्यालयहरुमा भौतिक तथा प्रणाली सुधार कार्यहरु संचालन भैरहेका छन् । जस अर्न्तगत भौतिक सुधारतर्फ मूल भन्सार कार्यालयमा ५ वटा स्टाफ क्वार्टरको निर्माण कार्य अन्तिम चरणमा रहेको, महेशपुर छोटी भन्सार कार्यालयको कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ भने त्रिवेणी छोटी भन्सार तथा पक्लिहवा छोटी भन्सार कार्यालयको कम्पाउण्डमा तारवार लगाउने कार्य सम्पन्न भएको छ । मूल भन्सार कार्यालयको यात्रु शाखालाई अझ बढी व्यवस्थित गर्न यात्रुहरु छुट्टै हिंड्ने वाकथ्रुको निमार्ण गरिएको छ भने सवारी साधनहरुलाई निरन्तर अनुगमन गर्न वाच टावरको निर्माण सम्पन्न भएको छ । यी दुवै सुविधाहरुले यात्रु शाखा बढी व्यवस्थित र नियन्त्रित हुने विश्वास लिइएको छ । यसै गरी प्रणाली सुधार अन्तरगत आशिकुडा सूचना प्रविधि अन्तरगत ब्रोकर मौड्यूल तथा सिलेक्टीभिटी मोड्यूल कार्यान्वयन गर्न भौतिक सुधार, कम्प्युटर, प्रिन्टरहरु जडान तथा नेटवर्किङ्गको कार्य पूरा भएको छ ।

**बौद्धिक सम्पत्तिको अधिकार उल्लङ्घ उपरको उपचार सम्बन्धी भन्सार ऐन २०६४ को दफा ६८ को व्यवस्था:** प्रचलित कानून बमोजिम कुनै व्यक्तिले प्राप्त गरेको पेटेन्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्तउपरको अधिकार उल्लङ्घन गरी कसैले कुनै मालवस्तु निकासी वा पैठारी गर्न लागेमा सरोकारवाला व्यक्तिले त्यस्तो निकासी वा पैठारी रोक्का गर्न प्रमाण सहित सम्बन्धित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्ने छ।

## भन्सार विभागको बियुतीय सम्पर्क

http:\www.customs.gov.np

| | |
|---|---|
| dg@customs.gov.np | it@customs.gov.np |
| ddg@customs.gov.np | inspect@customs.gov.np |
| valuation@customs.gov.np | account@customs.gov.np |
| tariff@customs.gov.np | admin@customs.gov.np |
| lab@customs.gov.np | crm@customs.gov.np |
| stat@customs.gov.np | drp@customs.gov.np |

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं.४२५९७९१, ४२५९७९३ फ्याक्स:४२५९८०८